# नन-कस्टोडियल अभिभावकको अधिकार र दायित्वहरु

## Noncustodial Parent’s Rights and Responsibilities

डिभिजन अफ चाइल्ड सपोर्ट (DCS):

1. बाल सहायता आदेश र मेडिकल सहायता दायित्वहरु स्थापना र लागु गर्छ।
2. सम्भावीत रुपान्तरणको लागि बाल सहायता आदेशको समीक्षा गर्छ।
3. वासीङ्गटन स्टेट सपोर्ट रेजिस्ट्री (WSSR) को माध्यमबाट बाल सहायता भुक्तानीहरु प्राप्त, रेकर्ड र बाँडफाँड गर्छ।

**नन-कस्टोडियल अभिभावक**

तपाईं एक नन-कस्टोडियल अभिभावक हो । नन-कस्टोडियल अभिभावक एक प्राकृतीक बुबा वा स्विकार गरिएको एडोप्टिभ वा पुर्पक्ष गरिएको बुबा, प्राकृतीक आमा वा एडोप्टिभ वा पुर्पक्ष गरिएको आमा हो जसले आश्रीत बालबालिकाहरुको लागि आर्थिक सहयोग प्रदान गर्नैपर्छ । राज्य वा संघीय कानुनले यो कर्तब्य लागु गर्छ।

**बाल सहायता भुक्तानी**

सामान्यतया तपाईंले बाल सहायता तिर्नै पर्ने हुन्छ । DCS ले तपाईंलाई तपाईले बाल सहायताको भुक्तानी गर्नुपर्ने आवश्यक छ भनी नोटिस पठाएपछि, DCS ले WSSR, ट्राईबल अदालत वा बाल सहायता एजेन्सी वा अर्को राज्यको अदालत वा बाल सहायता एजेन्सीभन्दा बाहेक अन्यलाई पठाएको भुक्तानीको लागि तपाईंको खातामा **जम्मा गर्ने छैन**। बाल सहायता दायित्वको उद्देश्यका लागि सामाजिक सुरक्षा प्रशासन, श्रम तथा उद्योग विभाग, वा सेवानिवृत्त सैनिक जस्ता आश्रित लाभको लागि एजेन्सीबाट पैसा भुक्तान गरिएन भने अन्य पक्षलाई प्रत्यक्ष रूपमा भुक्तान गरिएको रकमको लागि DCS ले तपाईंको खातामा पैसा जम्मा गर्ने छैन।

1. यदि अन्य स्टेट वा ट्राईबल बाल सहायता एजेन्सी वा स्टेट वा ट्राईबल अदालतले भुक्तानी तिनिहरुलाई गर्नुस भनेर तपाईंलाई भन्छन भने तुरुन्त DCS लाई भन्नुहोस्।
2. DCS ले लिखीत रुपमा हामीले तपाईंको केस बन्द गर्‍यौं भनेर नभनेसम्म तल लिस्ट गरिएको WSSR को ठेगानाको लागि बाहेक अन्य कुनैको लागि पनि भुक्तानी नपठाउनुहोस्।

तपाईंले सम्पूर्ण सहयोग भुक्तानीहरु वासीङ्गटन स्टेट सपोर्ट रेजिस्ट्री (WSSR) लाई नै गर्नुपर्छ । तपाईंले निम्न अनुसारको कुनैपनि तरिकाबाट भुक्तानी गर्न सक्नुहुनेछ:

1. पेरोल कटौती । धेरैजसो सहायता आदेशले DCS लाई पेरोल कटौतीद्वारा सहायता जम्मा गर्न अनुमती दिन्छ वा WSSR को माध्यमबाट भुक्तानीको माग गर्छ । यदि तपाईंको आदेशले DCS लाई त्यस्तो गर्न अनुमती दिन्छ भने DCS ले पेरोल कटौतीद्वारा सहायता जम्मा गर्न कोशीस गर्नेछ।
2. व्यक्तिगत चेक, मनी अर्डर, सर्टीफाईड चेक वा क्यासीयर चेक । सम्पूर्ण चेक र मनी अर्डर भुक्तानीहरु तलको ठेगानामा पठाउनुहोस्:
   WASHINGTON STATE SUPPORT REGISTRY
   PO BOX 45868
   OLYMPIA WA 98504-5868
3. ईलेक्ट्रोनीक फन्ड ट्रान्सफर (EFT)। EFT ले तपाईंको चेकिङ्ग र बचत खाताबाट प्रत्येक महिना तपाईंको सहायता भुक्तानीको स्वतः कटौती गर्न अनुमती दिन्छ । थप जानकारीको लागि 800-468-7422 मा फोन गर्नुहोस्।
4. ईन्टरनेट । ईन्टरनेट भुक्तानीले तपाईंको चेकिङ्ग र बचत खाताबाट तपाईंको सहायता भुक्तानीको कटौती गर्न अनुमती दिन्छ । थप जानकारीको लागि DCS को वेवसाईट https://secure.dshs.wa.gov/हेर्नुहोस्।
5. क्रेडिट वा डेबिट कार्ड । थप जानकारीको लागि DCS को वेवसाईट हततपस://www.dshs.wa.gov/esa/division-child-support/creditdebit-card-payments.CardVendors.asp हेर्नुहोस्।

यदि बैङ्कले तपाईंको चेकहरु मध्य कुनै एउटा चेक फिर्ता गर्छ वा अपुग फन्डको कारणले EFT वा ईन्टरनेट भुक्तानी अनर (honor) गर्न असफल हुन्छ भने DCS ले भविष्यको भुक्तानीहरु नगद, मनी अर्डर, क्यासीयर चेक, सर्टीफाईड चेक वा पेरोल कटौतीद्वारा मात्रै स्विकार गर्नेछ।

सम्पूर्ण भुक्तानी र पत्र-व्यवहारहरुमा तपाईंको खाता नम्बर IN____________________ समावेश गर्नुहोस् ।

तपाईंको बालबालिकालाई आर्थिक सहायता प्रदान नगर्नको लागि यदि तपाईसंग कुनै कानुनी कारण भए वा DCS ले नजान्दा नजान्दै तपाईंलाई यो प्रकृयामा सम्मीलीत गराएमा DCS लाई तुरुन्तै सूचित गर्नुहोस्।

यदि DCS ले हामीले तपाईंको सहायता दायित्वको संकलनलाई रोक्दैछौ भनी तपाईंलाई सूचित गर्दछ भने भविष्यमा तपाईंको दायित्व संग्रह गर्न सकिनेछ। तपाईंले यो कार्यवाही गर्नुअघि DCS ले तपाईंलाई सूचित गर्नेछ।

तपाईं जेल, कारागार वा सुधारात्मक सुविधामा छ महिनाभन्दा बढी समयको लागि बद्ध वा दण्डित हुनुभएको छ भने, तपाईंको बाल सहायता अर्डर अस्थायी रूपमा प्रत्येक बाल सहायता अर्डरको लागि प्रति महिना $10 सम्म कम (घटाउन) हुन सक्छ। अभिरक्षण अभिभावक, तपाईं वा DCS ले न्यूनीकरणको अनुरोध गर्न सक्नुहुन्छ। यदि न्यूनीकरण तपाईंको मामिलामा लागू हुन्छ भने, तपाईंले न्यूनीकरणका सर्तहरू र उहाँहरूले अस्वीकार गर्नुभयो भने सुनुवाईको अनुरोध गर्ने प्रत्येक व्यक्तिको अधिकार बारे व्याख्या गर्ने DCS बाट सूचना प्राप्त गर्नुहुनेछ। रकम तपाईंलाई मुक्त गरेपछि चार महिनामा 50% समर्थन अर्डर बढ्नेछ र मुक्त भएको एक वर्षपछि 100% वास्तविक रकम फेरि बढ्नेछ।

## मेडिकल सहायता दायित्वहरु

यदि तपाईंको सहायता आदेशले तपाईंको बालबालिकाको लागि स्वास्थ्य बीमा प्रदान गर्नु अनिवार्य गराउँछ भने तपाईंको दायित्व लागु गराउन DCS कदम चाल्नेछ । यदि तपाईंको सहायता आदेशले तपाईंलाई नगद मेडिकल सहायता भुक्तानी गर्न अनिवार्य गराउँछ भने DCS तपाईंले भुक्तानी गर्नुपर्ने डलर रकम स्थापित गर्छ र त्यो रकम कलेक्ट गर्छ।

1. तपाईंको सहायता आदेशमा नाम लेखिएको बालबालिकाको लागि तपाईंको स्वास्थ्य बीमा कभरेजमा कुनै परिवर्तन भएमा DCS लाई तुरुन्तै भन्नुहोस्।
2. स्वास्थ्य बीमा प्रदान नगरिएको समयमा यदि तपाईंको आदेशमा अनिवार्य गरिएको छ भने नगद मेडिकल सहायताले सोधभर्ना नगरिएको मेडिकल खर्चहरुको अनुपातीक भाग र मेडिकल प्रिमियम भाग (नगद भुक्तानी) समावेश गर्छ।

यदि तपाईंको सहायता आदेशले कस्टोडियल अभिभावकले स्वास्थ्य बीमा कभरेज प्रदान गर्नुपर्छ वा बीमा नगरिएको मेडिकल खर्चहरुको भुक्तानी गर्नुपर्छ भनी माग गर्छ भने तपाईंले पुर्ण बाल सहायता प्रवर्तन सेवाहरु र निम्नकुराहरुको लागि आवेदन गर्न सक्नुहुनेछ:

1. स्वास्थय बीमा प्रदान गर्ने कस्टोडीय अभिभावकको दायित्व लागु गर्न DCS लाई भन्न सक्नुहुनेछ । तपाईंको मामिलाको परिधिमा आधारीत रहि DCS ले दायित्व लागु गर्नपनि सक्छ।
2. कस्टोडियल अभिभावकबाट WAC 388-14A-1020 मा परिभाषीत गरिए अनुसारको कोपेमेन्ट, कटौतीहरु र प्रिमियम सहित बीमा नगरिएको मेडिकल खर्चहरु जम्मागर्न भन्न सक्नुहुनेछ।

यदि तपाईंको सहायता आदेशले WAC 388-14A-1020 मा परिभाषीत गरिएअनुसार कस्टोडियल अभिभावकले स्वास्थ्य बीमा, मेडिकल प्रिमियम सेयर प्रदान गर्नुपर्छ भनि वा बीमा नगरिएको मेडिकल खर्चहरुको भुक्तानी गर्नुपर्छ भनि माग नगरेमा तपाईंले रुपान्तरणको लागि तपाईंको आदेशको समिक्षा गर्न DCS मा आवेदन गर्न सक्नुहुनेछ वा तपाईं आँफैले रुपान्तरणको लागि निवेदन गर्न सक्नुहुनेछ।

## अपिलका प्रकारहरु

**सम्मेलन बोर्ड.** सम्मेलन बोर्ड एक प्रशासनीक (गैर अदालतीय) DCS प्रकृया हो जुन धेरै विवादहरु समाधान गर्न, नितिहरु व्याख्या गर्न र तथ्यहरु स्पष्ट पार्न प्रयोग गरिन्छ।

1. सम्मेलन बोर्डले अदालतीय आदेश र गैर अदालतीय आदेश दुबै बाल सहायता मामिलाहरुको समिक्षा गर्न सक्छ।
2. सम्मेलन बोर्ड तपाईंसंग मिटिङ्ग नगरी निर्णय लागु गर्नसक्छ । यदि तपाईंसंग मिटिङ्ग भए तपाईंले आफनो मामिला DCS व्यवस्थापनसंग छलफल गर्न सक्नुहुन्छ जसले अघिल्लो DCS निर्णयलाई रद्द गर्न सक्नेछन् । DCS सम्मेलन बोर्डले हाम्रो स्टाफहरुले गरको केही कामहरु मात्र परिवर्तन गर्नसक्छन् तर कानुनद्वारा अनिवार्य गरिएको कामलाई परिवर्तन गर्न सक्दैन।

**अदालतीय कारवाही (सुनुवाई).** सुनुवाई पनि एउटा प्रशासनीक (गैर अदालतीय) प्रकृया हो । सुनुवाई  सम्मेलन बोर्ड भन्दा बढी औपचारीक हो तर अदालतको कारवाही भन्दा कम औपचारीक हो।

1. राज्य कानुनले केहि अवस्थाहरुको लागि मात्र सुनुवाईकव प्रस्ताव गर्छ । यदि DCS ले तपाईंलाई नोटिस दिएको छ भने त्यो नोटिसले तपाईंसंग सुनुवाईको अधिकार छ कि छैन भनेर भन्नेछ । सुनुवाईमा  एड्मिनिस्ट्रटीभ ल जज (ALJ) को अध्यक्षता हुनेछ । ALJ हरु DCS कर्मचारीहरु हैनन्।
2. सुनुवाईमा, ALJ तपाईंको मामिलाको समिक्षा गर्नेछन् र तपाईको विवादमा निर्णय गर्नेछन् । DCS लाई तपाईंको बाल सहायता आदेश लागु गर्नबाट रोक लगनउनको लागि तपाईंले आफ्नो नोटिस प्राप्त गरिसकेपछि तपाईंले 20 दिन भित्र सुनवाईको लागि भन्नु पर्नेछ (यदि तपाईंले नोटिस वासीङ्गटन राज्यमा प्राप्त गर्नुहुन्छ भने) वा 60 दिन भित्र (यदि तपाईंले नोटिस वासीङ्गटन राज्य भन्दा बाहिर प्राप्त गरेमा)।
    a. तपाईंले सुनुवाईको लागि 20 वा 60 दिनको सिमापछि अनुरोध गर्न सक्नुहुनेछ । तथापी, हामीले सुनुवाईको निर्णय नसुन्ने बेलासम्म DCS तपाईंको सहायता आदेश लागु गर्नेछ । सुनुवाईको निर्णय पर्खिरहेको समयमा जम्मा गरिएको कुनैपनि रकम DCS ले रिफन्ड गर्नेछैन।
    b. तपाईंले आफ्नो नोटिस प्राप्त गरिसकेपछि यदि तपाईंले एक वर्ष भन्दा पछि सुनुवाईको लागि अनुरोध गर्नुहुन्छ भने तपाईंले राम्रो कारण ढिलो अनुरोध गर्नको लागि राम्रो कारण) देखाउनु आवश्यक पर्नेछ । ALJ तपाईंको ढिलो अनुरोधलाई अनुमती नदिन पनि सक्नेछन् । तथापी, यदि तपाईंसंग ढिलो सुनुवाईको लागि राम्रो कारण नभएपनि तपाईंको भविष्यको बाल सहायता दायित्वको रुपान्तरणको अधिकार तपाईंसंग हुनसक्नेछ।
3. तपाईंलाई ALJ को निर्णयको एक प्रति मेल गरिनेछ । ALJ को निर्णयमा तपाईंको अपिलको अधिकारहरुको बारेमा जानकारी हुनेछैन।
4. यदि उचित भएमा, हामीले जब सुनुवाईको लागि अनुरोध प्राप्त गर्छौं तब DCS ले तपाईंको सहायता आदेशको दुबै पक्षहरुलाई भन्नेछ । दुबै पक्षहरुले सुनुवाईमा भाग लिन सक्नेछन्।

यदि तपाईंसंग प्रश्नहरु भए:

DIVISION OF CHILD SUPPORT

PO BOX 11520

TACOMA WA 98411-5520

________________________भित्र,फोनगर्ने क्षेत्र _________________________

________________________बाहिर,फोनगर्ने क्षेत्र _________________________

बोलाई वा सुनुवाईको असक्षमताको लागि TTY/TDD उपलब्ध छन्।
हाम्रो वेवसाईट हेर्नुहोस्: www.dshs.wa.gov/esa/division-child-support

कुनैपनि व्यक्तिलाई जाती, रङ्ग, राष्ट्रीय उत्पती, मजहव, धर्म, लिङ्ग, उमेर वा असक्षमताको कारणले रोजगारी, सेवाहरु वा कार्यक्रमको गतिबिधीको कुनैपनि क्षेत्रमा पक्षपात गरिनेछैन । अनुरोध अनुसार यो फर्म अन्य फर्म्याटमा पनि उपलब्ध छ।